

# प्रारम्भिक बाल्यकाल अवस्थामा खेलको माध्यमबाट सिक्ने

NEPALI

## खेल्नु भनेको के हो ?

संसार भरका अध्ययनहरुले देखाएको छ कि बच्चाहरुले सार्थक खेलमा संलग्न भएको अनुभवले सिक्न र विकास गर्न सक्छन्।

"बच्चाहरुको बौद्धिक, शारीरिक, सामाजिक र रचनात्मक क्षमताहरुलाई उत्साहित र एकीकृत गर्न खेलको आवश्यक हुन्छ। प्रभावकारी प्रारम्भिक बाल्यकाल अभ्यासहरुले एकीकृत पठन पाठन विधी अपनाउछ जसद्वारा बच्चाहरु बिच निरन्तर र साझा अन्तरक्रिया गर्नमा मद्दत पुग्छ। खेल र अन्य अवसरहरुको माध्यमबाट बच्चाहरुले सामाजिक र प्राकृतिक संसार, मानिसहरु, स्थानहरु, बस्तुहरु र उनीहरुले हरेक दिन सामना गर्ने अनुभवहरुको बारेमा बुझ्न र तिनिहरुको बारेमा विचार बनाउन सिक्छन्। "

- VEYLDF, 2016, पृ. १४

तपाइँको बच्चालाई खेल्न आफै आउँछ र यो उनीहरुको शिक्षा र विकासको एक महत्वपूर्ण भाग हो। खेलाले तपाइँको बच्चालाई आफ्नो संसार बुझ्नका लागी र आफ्नो पहिचानको के हो भन्नेमा मजबूत भावनाको विकास जारी राख्न मद्दत गर्दछ। खेलको माध्यमबाट तपाइँको बच्चाले कल्पना, नाटक, सिर्जना, अन्वेषण, अनुसन्धान, संवाद, प्रश्न, कुराकानी, सुन्न, सोच्न, महसुस गर्न, र स्पर्श र गन्ध थाहा पाउन सक्छन्। खेलमा कुराकानी, समस्या समाधान, जोखिम लिने, नयाँ चीजहरु कोसिस गर्ने भन्ने कुराहरु सम्लग्न हुन्छन्, र कसरी चीजहरुले काम गर्छन भन्ने देखीन्छ। तपाइँको बच्चाले आफु र अरुको बारेमा जान्ने छन्, खेलको नियमहरु जान्ने छन्, साथी बनाउन, र उनीहरुका शिक्षकहरु र अन्य बच्चाहरु लगायत वरपरका मानिसहरुसंग सम्बन्धहरुको विकास र विश्वास गर्न सिक्नेछन्।

बच्चाहरु कहिलेकाहिँ एक्लै,एक वा दुई जना अरु बच्चाहरुसंग अनि बच्चाहरुको सानो वा ठूलो समूहमा खेल्नेछन्। खेलमा हल्ला वा शान्त रुपमा हुन सक्छ,निष्क्रिय वा सक्रिय हुन सक्छ।

"बहुप्रयोगी सामग्री र संसाधनहरु प्रयोग गरेर गरेको अब्यवधानिक खेलले बच्चाहरुलाई आविष्कार गर्न, अनुसन्धान गर्न र पत्ता लगाउनको लागी समय मिल्छ।"

- VEYLDF, 2016, पृ. २१

## खेलको माध्यमद्वारा सिकाई

शिक्षकहरु र प्रेशिक्षकहरुले सेवामा भाग लिने प्रत्येक बच्चाको व्यक्तिगत रुचि र आवश्यकताहरुलाई पूरा गर्नका लागी कार्यक्रमको योजना तर्जुमा गर्छन्। उनीहरुले यो खुल्ला शिक्षाको वातावरणमा विविध प्रकारका खेलमा आधारित अनुभवहरु प्रदान गरेर गरीरहेका हुन्छन्,जहाँ बच्चाहरु भित्री र बाहिरी ठाउँहरुमा स्वतन्त्र रूपमा हिड्न पाउँछन्।

त्यहाँ केहि निर्देशित औपचारिक गतिविधिहरु,जस्तै संगीत,कथाहरु र छलफल हुनेछन्। दिनको धेरै समय बच्चाहरुले उनीहरु कहाँ खेल्नेछन्, कोसंग खेल्नेछन्,र कुनै विशेष खेल गतिविधिमा कति लामो समय बिताउनेछन भन्ने निर्णय आफैले गर्ने छन्। जहिले बच्चाहरुलाई मद्दत चाहिन्छ तहिले शिक्षकहरुले सहायता र मार्गदर्शन प्रदान गर्दछन्।

शिक्षकहरुले बच्चाहरुलाई सिक्नको लागी तनमनको विकास गर्न मद्दत गर्न,जिज्ञासु बनाउन,ईच्छुक बनाउन,आफ्नो

दुनिया र उनीहरुले भेटेका मानिसहरु प्रती रुचि जगाँउन विभिन्न शिक्षण रणनीतिहरुको उपयोग गर्छन्। उनीहरुले खेलमा मार्गदर्शन गर्न सक्छन्,खेलको नेतृत्व गर्न सक्छन्,वा बच्चाले आफै निर्देशित गरेका खेलको अवलोकन गर्न सक्छन्।

## बच्चाहरु खेलको दौरान के सिक्छन ?

खेलले बच्चाहरुलाई कुराकानी गर्न र प्रश्न सोध्न, शब्दावली र भाषा,साक्षरता, संख्या ज्ञान र सामाजिक कौशल्ताको विकास र अभ्यास गर्ने अवसर प्रदान गर्दछ। खेलको माध्यमबाट,बच्चाहरुले संवाद गर्न र अन्य मानिसहरुसंग सम्वन्ध राख्न सिक्छन्।

बच्चाहरुले उनीहरुले देखेका कुराहरुको अभिनय गर्नलाई आफ्नो बौधिक्ता प्रयोग गर्न सिक्छन्,उदाहरण को लागी;

- खाना पकाए जस्तो गर्न
- बच्चाको हेरचाह गरे जस्तो गर्न
- अग्नीरक्षक जस्तो, डाक्टर वा पसले जस्तो हुन।

यसले बच्चाहरुलाई आफ्नो संसार र आफ्नो समुदायबारे बुझ्न र त्यसलाई अर्थपुर्ण बनाउन सिक्न मद्दत गर्दछ।

"नाटकीय खेल विभिन्न पहिचानहरु र दृष्टिकोणको अन्वेषण गर्न,विश्व समुदायहरुसंग सम्बन्धित हुने लगायत धारणा विकास गर्नमा महत्वपूर्ण छ। बच्चाहरुलाई समानता र व्यक्तिहरु र समूहहरुको बीच भिन्नताको कदर गर्न , र फरक दृष्टिकोणको सम्मान गर्न सिकाउन मद्दत गर्नु पर्छ। "

- VEYLDF, 2016, पृ. १८

जब तपाइँको बच्चा खेलमा संलग्न हुन्छ,उनले अरुलाई स्वीकार्य हुने व्यवहार सिक्न चाहिने नियमहरु केलाउने छन्। उदाहरणको लागी, बच्चाहरु पिङ खेल्न आफ्नो पालो पर्खिने नियमको विकास गर्न सक्छन्। बच्चाहरुलाई सबै सुरक्षित रहन,उपकरणहरुको हेरचाह गर्न र निष्पक्षता र समानताको कदर गर्ने नियम बनाउनमा संलग्न हुन अनुमति दिनाले उनीहरुको सोच र समस्या समाधान गर्ने सीपहरु विकास गर्न मद्दत गर्नेछ, र उनीहरुको संचार र सामाजिक सीपहरुको साथ साथै उनीहरुको संख्याज्ञान र साक्षरताको कौशल्ता विकासमा मद्दत गर्नेछ।

आफ्नो खेलमा,बच्चाहरुले नयाँ र रोचक तरीका अनुसार आफ्नो अवस्थित ज्ञान र विचारहरु निर्माण गर्न सक्छन्।

बच्चाहरुले केहि गतिविधिहरुलाई दोहोर्याउन सक्छन्,जोखिम लिन र यस्ता सिपहरु सिक्न र अभ्यास गर्न,जस्तै;

- उच्च स्थानमा आफै चड्ने
- समस्या दर्शाउने खेलौना (jig-saw puzzle) मिलाउन सिक्ने
- आफ्नै कपडा वा रंग छेक्ने बाहिरी कपडा लगाउने
- पातलो फलेकमा सन्तुलन बनाउने
- आफैले कैंची प्रयोग गर्ने
- उफ्रीने
- पिङमा आफै मच्चिने ।

यी उपलब्धिहरु,ठूला साना सबै, बच्चाहरुका लागि,उनीहरुका परिवार र शिक्षकहरुका लागी उपलभ्धिमुलक हुनेछन्।

खेलले बच्चाहरुलाई निम्न कुराहरुमा अवसर दिन्छ; मनाउन,हासिल गर्न सफल्ता पाउन, गल्ती गर्न,अभ्यास गर्न,नयाँ जानकारी वा सीपहरुको परीक्षण गर्न,राय बनाउन र नयाँ सीप र ज्ञानमा विज्ञता हाँसिल गर्न।

खेलेर नै हो बच्चाले सिक्ने ।

---

**स्रोतहरु**

शिक्षा र प्रशिक्षण विभाग, २०१६ भिक्टोरियाली प्रारम्भिक वाल शिक्षण तथा विकास प्रणाली।